धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक  जि.प्र.का. दर्ता नं. ०६/०६१/०६२ जि.हु.का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाइबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २१, अङ्क २७८ ◆ २०८२ वैशाख १२ शुक्रबार ◆ Friday, April 25, 2025 ◆ ने सं ११४५ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## चिनियाँ प्रशिक्षक नेपालमा

काठमाडौँ । नेपाल उसु महासङ्घको आयोजनामा यहाँ जारी सातौँ राष्ट्रिय उसु निर्णायक परीक्षा कोर्ष तथा ११औँ राष्ट्रिय उसु डिप्लोमा कोर्षमा सहभागीलाई प्रशिक्षण दिन चीनका प्रथम श्रेणीका राष्ट्रिय निर्णायक लिन जियान्छवान् नेपाल आएका छन् ।

निर्णायक जियान्छवान्लाई उसु महासङ्घका कार्यवाहक अध्यक्ष शैलेश कर्माचार्य, महासचिव नवराज ढुङ्गाना, उपमहासचिव राजीव महर्ज नलगायत पदाधिकारीले त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा स्वागत गरे । लगत्तै उनले कोर्षमा सहभागीलाई प्रशिक्षण दिएका थिए । उनले शुक्रबारसम्म प्रशिक्षण दिने कार्यक्रम रहेको छ ।

महासचिव ढुङ्गानाले नेपालमा योग्य रेफ्री उत्पादन गर्ने उद्देश्यले कोर्ष सञ्चालन गरिएको बताए । निर्णायक जियान्छवाने नेपालको उसु विकासमा महासङ्घसँग सहकार्य गर्न तयार रहेको बताए । निर्णायक कोर्षमा ५२ तथा डिप्लोमा कोर्षमा ४२ जना सहभागी छन् ।

## मधेस प्रिमियर लिगको उपाधि मिथिला वारियर्सलाई

राजविराज । राजविराजमा बिहीबार सम्पन्न तेस्रो संस्करणको मधेस प्रिमियर लिग क्रिकेट प्रतियोगिताको उपाधि मिथिला वारियर्सले जितेको छ ।

फाइनल खेलमा मिथिला वारियर्सले बलानबिहुललाई ५ विकेटले पराजित गरेको हो । विजेता मिथिलाले रु ९ लाख एक हजार तथा उपविजेता बलानबिहुले रु ४ लाख एक हजार पुरस्कार प्राप्त गरे ।

टस जितेर पहिला ब्याटिङ गर्दै बलानबिहुले १९ दशमलव ३ ओभरमा सबै विकेट गुमाएर १५३ रन बनायो । एक सय ५४ रनको विजयी लक्ष्य मिथिला वारियर्सले १८ दशमलव ३ ओभरमा ५ विकेट गुमाएर पूरा गर्यो ।

बलानबिहुका लागि विवेक यादवले सर्वाधिक ४५ रन बनाए । यस्तै लोकेश बमले ४१, सुजन थपलियाले २८ तथा फिर्दोष अन्सारीले १५ रन बनाए । बलिङतर्फ मिथिला वारियर्सका बसन्त खत्रीले तीन, शेर मल्ल र कुशल भुर्तेलले दुई दुई तथा नन्दन यादवले एक विकेट लिए ।

यसैगरी मिथिलाका लागि कुशल भुर्तेलले सर्वाधिक ५८ रन बनाए । यसैगरी रवि साहले ४४ र बसिर अहमदले २५ रन बनाए । बलिङतर्फ बलानबिहुका विवेक यादव र अरनिको यादवले दुई दुई विकेट लिए । 'प्लेयर अफ दी म्याच' मिथिलाका कुशल भुर्तेल घोषित भए ।

'प्लेयर अफ दी सिरिज' विशाल पटेल (जनकपुर सनराइज), उत्कृष्ट ब्याटर आशिफ शेख (जनकपुर सनराइज) तथा उत्कृष्ट बलर शेर मल्ल (मिथिला वारियर्स) घोषित भएका आयोजक समितिका अध्यक्ष सञ्जिवनारायण यादवले जानकारी दिए । मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह, नेपाल क्रिकेट सङ्घका केन्द्रीय सदस्य आयुष श्रेष्ठलगायतले विजयी खेलाडीलाई पुरस्कार वितरण गरे ।

## 'अधिकार संरक्षणका लागि सबै राजनीतिक दल एकै ठाउँमा आउनुपर्छ'

भक्तपुर । उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले जनआन्दोलनबाट प्राप्त जनताको अधिकार संरक्षणका लागि सबै राजनीतिक दल एकै ठाउँमा आउनुपर्नेमा जोड दिनुभएको छ ।

बिहीबार भक्तपुरमा जगन्नाथ आचार्य स्मृति प्रतिष्ठानले आयोजना गरेको प्रजातान्त्रिक आन्दोलनमा नेपाली कांग्रेसका समाजवादी नेता जगन्नाथ आचार्यको १०२औँ जन्मजयन्ती कार्यक्रममा उहाँले अधिकार प्राप्तिका लागि कांग्रेस र कम्युनिष्ट एकै ठाउँमा उभिएर आन्दोलन गरे जस्तै उपलब्धि रक्षाका लागि पनि सबै दल एकै ठाउँमा उभिनुपर्ने अवस्था आएको बताउनुभएको हो ।

अधिकार मात्र माग्ने तर कर्तव्य पूरा नगर्नाले जनआन्दोलनबाट प्राप्त उपलब्धि गुम्ने खतरा बढेको बताउँदै उपप्रधानमन्त्री सिंहले भन्नुभयो, "विसं २०४६ को आन्दोलन होस् या २०६२/०६३ को जनआन्दोलन सबै दलहरू एक ठाउँमा उभिएर सङ्घर्ष गर्दै ठूलो त्याग, तपस्या र बलिदानबाट ल्याएको यो अधिकार र व्यवस्था हो, यो व्यवस्था जोगाउन सबै दल एकै ठाउँमा आउनु आवश्यक छ । अधिकार खोज्ने तर संरक्षण नगर्ने र कसैको लहैलहैमा लाग्ने हो भने मुस्किलले प्राप्त गरेको अधिकार गुम्नसक्ने खतरा आउन सक्छ ।"

उहाँले जगन्नाथ आचार्यको राजनीतिक योगदानको चर्चा गर्दै २०४६ सालको जनआन्दोलनपछि गणेशमान सिंहले प्राप्त प्रजातन्त्रलाई सही बाटोमा लैजान सुरु गरेको जनजागरण अभियानमा आफूले संयोजक भएर काम गरेको स्मरण गर्नुभयो । कार्यक्रममा नेताहरु ढुण्डिराज शास्त्री, तिलकप्रकाश कायस्थ, गोविन्द जोशीलाई सम्मान गरिएको थियो ।

## लोकतन्त्र सुदृढिकरण हुनु जरुरी

काठमाडौँ । नेपाली कांग्रेसका नेता डा शशाङ्क कोइरालाले लोकतन्त्र सुदृढिकरणका लागि सबै एकजुट हुनु जरुरी रहेको बताउनुभएको छ । लोकतन्त्र दिवस र नयाँ वर्ष २०८२ को अवसर पारेर आज आफ्नो निवास महाराजगञ्जमा आयोजित चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले लोकतन्त्र सुदृढिकरणका लागि सबै राजनीतिक दल, सरोकार भएका निकाय, जनता एकजुट हुनुपर्नेमा जोड दिनुभयो । लोकतन्त्रलाई संरक्षण गर्दै प्रभावकारी कार्यान्वयनका लागि नेपाली कांग्रेस बलियो हुनुपर्ने बताउँदै उहाँले त्यसका लागि कांग्रेसमा गुटउपगुट नभई एक ढिक्का हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । नेता डा कोइरालाले लोकतन्त्रमा मात्र सबैको अधिकार सुनिश्चित हुने बताउँदै यसको रक्षार्थ सबै सजग र सचेत रहनुपर्नेमा जोड दिनुभयो ।

# अस्थिरता, अराजकता र निरंकुशतन्त्रलाई अस्वीकार गर्दै युवाले देश बनाउने संकल्प गर्नुपर्छ : प्रधानमन्त्री

❑ प्रत्यूष समाचारदाता

काठमाडौँ । प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले अस्थिरता, अराजकता र पश्चगमनलाई अस्वीकार गर्दै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न युवाले सङ्कल्प र शक्ति देखाउनुपर्ने बताउनुभएको छ ।

नेकपा (एमाले)द्वारा लोकतन्त्र दिवसका अवसरमा हिजो (बिहीबार) भृकुटीमण्डपमा आयोजित युवा उत्सव (युथ सेलिब्रेसन) कार्यक्रममा प्रधानमन्त्री ओलीले जनताको बलिदानीपूर्ण सङ्घर्षबाट प्राप्त लोकतान्त्रिक गणतन्त्रात्मक उपलब्धिको रक्षा गर्दै युवा अघि बढ्नुपर्ने र युवाले देश बनाउने सङ्कल्प गरी त्यसलाई साकार पार्नुपर्ने बताउनुभएको हो ।

"देशमा अराजकता मच्चाउने र विभाजन गर्ने तत्वसँग सचेत हुनुपर्छ, नेपाल महान् नेपाल हो, नेपाली जनता महान् जनता हुन् । महान् नेपालका नेपाली युवा त्यसअनुसार अघि बढ्नेछन् । ढुक्क हुनुस्, यसको नेतृत्व एमालेले बाटो नबिराइ गर्नेछ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "वैशाख ११ गते निरङ्कुश राजतन्त्र पराजित र लोकतन्त्रले जितेको दिन हो । यो दिनलाई उत्सवका रूपमा मनाउनुपर्छ । निरंकुश व्यवस्थाका कारण देश लामो समय अन्धकारको युगमा गुज्रिएको थियो । हामीले अनेक कठिनाइ झेलेर सङ्घर्ष गर्दै देशलाई अहिलेको अवस्थामा ल्याएका हौँ । सामन्ती व्यवस्थालाई पुनःफर्काउन खोज्ने भन्दै व्यक्तिका घर, पार्टी कार्यालय र सञ्चार संस्थामा तोडफोड गर्ने र व्यक्तिलाई जिउँदै आगो लगाउनेजस्ता जङ्गली र राक्षसी प्रकृति गलत हो । यस्ता कार्य सह्य हुँदैनन ।"

एमालेको राष्ट्रवादी अडान र दृष्टिकोणका कारणले राष्ट्र विरोधी तत्वहरू एमालेविरुद्ध खनिएका उल्लेख गर्दै प्रधानमन्त्री ओलीले त्यस्ता शक्तिले एमालेविरुद्ध हरेक दिन भ्रम फिजाउने कार्य गरेको टिप्पणी गर्नुभयो । एमाले र कांग्रेसको सरकार देशमा स्थिरता दिने गरी एउटा



लक्ष्यका साथ बनेको स्पष्ट गर्दै उहाँले आफ्नो पार्टीले सरकारतिर नभई चुनावतिर ध्यान दिइरहेको बताउनुभयो ।

युवालाई भड्काउने अनेक प्रयास भइरहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले केही व्यक्तिलाई सामाजिक सञ्जालमा प्रयोग गरेर देशभरका नागरिकलाई भड्काउने प्रयास भएकामा यसतर्फ सचेत हुनुपर्ने बताउनुभयो ।

## पाँच सामुदायिक वनमा जिप सफारी

चितवन । पूर्वी चितवनका पाँच सामुदायिक वनमा जिप सफारी सुरु गरिएको छ । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले आज जिप सफारीको शुभारम्भ गर्नुभएको हो ।

मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समितिले टिकौली, मिलीजुली, चित्रसेन, बाघमारा मध्यवर्ती सामुदायिक वन र खोरसोर संरक्षित वनलाई जोडेर खगेरी राप्ती मध्यवर्तीमा जिप सफारी सुरु गरेको हो । सो अवसरमा मन्त्री शाहीले वनको समुचित उपयोग गर्ने नीति सरकारले लिएको बताउनुभयो । वन, वन्यजन्तु र वनस्पतिलाई पर्यटनसँग जोडेर स्थानीय समुदायको जीवनस्तर उकास्ने गरी राष्ट्रिय वनको उपयोग गर्ने नीति सरकारले लिएको उहाँले स्पष्ट पार्नुभयो । मध्यवर्ती क्षेत्रमा अनेकन समस्या रहेको उल्लेख गर्दै मन्त्री शाहीले नियमावली संशोधन गरेर मध्यवर्तीका समस्या हल गर्दै लैजाने बताउनुभयो ।

खोरसोर संरक्षित वनबाट सुरु भएको जिप सफारी टिकौली हुँदै बीसहजारी तालसम्म पर्यटकलाई वन, वन्यजन्तु र जैविक विविधताको अवलोकन गराइनेछ । जसमा २० किलोमिटर दूरी जिप सफारी गर्न पाइनेछ । कार्यक्रममा रत्ननगर नगरपालिकाका प्रमुख प्रह्लाद सापकोटाले तेस्रो पर्यटकीय गन्तव्य सौराहा रहेको रत्ननगरमा पहिलो पटक जिप सफारी सुरु भएको भन्दै खुसी व्यक्त गर्नुभयो । मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुङ्गानाले चितवनमा नयाँ पर्यटकीय गन्तव्यको थालनी भएको बताउनुभयो ।

सो अवसरमा रत्ननगर नगरपालिकाका उपप्रमुख यादव पाठक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा रामचन्द्र कँडेल, रत्ननगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्साल, मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समितिका पूर्वअध्यक्ष वासु ढुङ्गाना, अध्यक्ष दुर्गाप्रसाद घिमिरे लगायतले पर्यटन प्रवर्द्धनका लागि सबै क्षेत्र एक हुन जरुरी रहेको बताउनुभयो । यसअघि मन्त्री ठकुरीले आजै राप्ती नदीमा १५ पोथी गोही छाड्नुभएको थियो ।

## सबै पक्षलाई वार्ता र संवादमा जुट्न अपिल

काठमाडौँ । युवाहरूले स्थानीय पहिचान र अस्तित्व संरक्षण गर्दै विकास निर्माण अघि बढाउन सबै पक्ष तयार रहन आग्रह गरेका छन् । 'पहिचानका लागि युवा' संस्थाले बिहीबार काठमाडौँ पत्रकार सम्मेलन गर्दै पाथीभरा केबलकार निर्माणका क्रममा देखिएको विवाद वार्ता र संवाद मार्फत समाधान गर्न आग्रह गरेको हो ।

उनीहरुले वार्ताका माध्यमबाट पाथीभरा केबलकारको समस्या समाधान तयार रहेको समेत बताए । संस्थाका अध्यक्ष कृष्ण चोडवाडले आफूहरू विकास विरोधी नरहेको र समस्या समाधानका लागि सरकारसँग खुला ढङ्गले वार्ता गर्न तयार रहेको बताउनुभयो ।

सबै आन्दोलनरत समूहहरू समेटी सरकारले वार्तालाई गम्भीरतापूर्वक अघि नबढाएको गुनासो गर्दै उहाँले विभिन्न तरिकाबाट वार्ताको पहल भइरहे पनि निष्कर्षमा पुग्न नसकेको उल्लेख गर्नुभयो । समस्या समाधानका लागि सबैको ध्यानाकर्षण गर्न काठमाडौँमा पत्रकार सम्मेलन गरिएको अध्यक्ष चोडवाडको भनाइ थियो । केबलकार निर्माण बन्द गर्ने मात्र एजेन्डाले पहिचानका मुद्दा बलियो नहुने उल्लेख गर्दै उहाँले पहिचान संरक्षणका लागि जनस्तरमा रहेका सबै सङ्घ-संस्थासँग वार्ता र संवाद हुनुपर्नेमा जोड दिनुभयो ।

लिम्बुवान ब्रदरहुडका अध्यक्ष मित्तोक लिम्बूले पाथीभरा लिम्बुको पहिचानसँग जोडिएको धरोहर रहेकाले केबलकार निर्माण गर्दा पहिचानको सम्वर्द्धनको ग्यारेन्टी हुनुपर्ने उल्लेख गर्नु भयो । उहाँले विश्वका अधिकांश राजनीतिक आन्दोलनहरू वार्ता र संवादबाटै समाधान भएको उदाहरण दिँदै, "केबलकार निर्माणको विषय पनि संवादमार्फत हल हुनुपर्छ भन्नुभयो । पहिचानका लागि युवाका केन्द्रीय संयोजक बिराज आङदम्बे लिम्बूले स्थानीय पहिचान र विकाससँग जोडिएका विषयमा सबै पक्षमा गम्भीरता देखिनु पर्नेमा जोड दिनुभयो ।

## नवनियुक्त शिक्षामन्त्रीद्वारा पदबहाली

काठमाडौँ । नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले पदबहाली गर्नुभएको छ । राष्ट्रपति भवन शीतल निवासमा शपथपछि उहाँले सिंहदरबार पुगेर पदबहाली गर्नुभएको हो ।

सो क्रममा उहाँले वार्ताका माध्यमबाट आन्दोलनरत शिक्षकको माग सम्बोधन गरिने बताउनुभयो । आफूले भर्खर मात्र मन्त्रालयको जिम्मेवारी लिएको जनाउँदै उहाँले शिक्षा क्षेत्रकाबारेमा जानकारी लिएर अघि बढ्ने स्पष्ट पार्नुभयो ।



। तत्कालीन शिक्षामन्त्री विद्या भट्टराईले राजीनामा दिएपछि नेपाल कम्युनिष्ट पार्टी (एमाले)का स्थायी कमिटी सदस्य पन्त शिक्षामन्त्रीमा नियुक्त हुनुभएको हो ।

## सम्पादकीय ....

### युवा र राजनीति

युवा अवस्था जीवनको अतिमहत्त्वपूर्ण र सिर्जनशील अवस्था हो। नेपालमा युवाहरूको जनसंख्या करीब ४३ प्रतिशत छ वा भनौं करीब ३ करोड जनसंख्या भएकोमा १ करोड २५ लाख वा भनौं एकतिहाइभन्दा बढी जनसंख्या युवाहरूको छ। समाज रूपान्तरण र विकासका दृष्टिकोणले यो जनसंख्या सबैभन्दा ठूलो सबल पक्ष हो। यदि युवाहरूलाई लक्षित गरी देशका सबै क्षेत्रका नीति तथा कार्यक्रमहरूलाई पुनःसंरचित गर्ने हो भने सबै क्षेत्रमा युवाहरूको दक्षता र नेतृत्व क्षमतामा विकास गरेर युवाहरूका लागि धेरै अवसरहरू सिर्जना गर्न सकिन्छ।

नेपालमा युवाहरूबारे निकै लामो समयदेखि प्रयास गरिएको भए पनि प्रतिफल प्राप्त हुन सकेको छैन। युवाहरूको विकास गर्ने भनेर मन्त्रालयदेखि अन्य संरचनाहरू तयार गरिएको छ। पर्याप्त बजेट खर्च गरिएको छ तर अपेक्षित उपलब्धिहरूको अभावमा बर्सेनि लाखौं युवाहरू विदेश पलायन हुनुपर्ने अवस्था छ। त्यसकारण प्रश्न के हो भने के हामी हाम्रा युवाहरू बस्न योग्य मुलुक बनाउन सक्दैनौं ? यो दायित्व कसको हो ? किन यसका लागि कहींकतैबाट पहल हुँदैन।

प्रयाप्त प्राकृतिक स्रोतसाधन तथा सस्तो बसोबासका बाबजुद हाम्रो देश युवाहरूको रोजाइ किन बन्न सकेन ? के यो विषय छलफलका लागि आवश्यक छैन ? छलफलको विषय बन्न सक्दैन ? युवाहरू देशभित्र नहुनुमा को जिम्मेवार छ र किन बारम्बार यस्तै प्रवृत्तिको पुनरागमन भइरहेको छ ? युवा विकास र संरक्षणको नाममा युवा तथा खेलकुद मन्त्रालय, युवा तथा साना व्यवसायी स्वरोजगार कोष, राष्ट्रिय युवा परिषद् जस्ता निकायहरू कार्यरत छन्। के यी निकायहरूले प्रभावकारी काम गर्न सकेका छन् ? अब सार्वजनिक बहस गरेर सत्यतथ्य प्रत्येक युवासमक्ष ल्याउन जरुरी छ।

युवाहरू परिवारका मात्र होइन, समाज र देशको नै भविष्य हुन् र उनीहरूलाई आफ्नो जीवन, परिवार, समाज र देशप्रति जिम्मेवार बनाउने माध्यम राजनीति हो भने राजनीतिक संगठनहरू युवा परिचालनका संवाहक हुन्। राजनीतिक संगठनमा व्यापक रूपमा आवद्ध भएका छन्, प्रजातन्त्र पश्चात जन्मिएका पुस्ताका युवाहरू अवसरको खोजीमा छन् भने केही मात्र राजनीतितिर आकर्षित छन्। अहिलेको युवापुस्ता यति सक्षम, जेहेन्दार र जिम्मेवार छ कि संसारका सबैभन्दा विकसित देशका युवाहरूसरह ज्ञान, प्रज्ञान, सीप र दक्षताले भरिपूर्ण रहेका छन्।

यहाँका राजनीतिक पार्टीहरू र तिनै राजनीतिक पार्टीहरूको नेतृत्वमा बनेको सरकारको कार्यशैलीले यो देशलाई युवाविहीन बनाउन योगदान गरिरहेको छ। अधिकांश युवाहरू यहाँको राजनीतिक संस्कार र राजनीतिक पार्टीहरूका नेता तथा कार्यकर्ताहरूको कार्यशैली र व्यवहारबाट निराश मात्रै छैनन्, आक्रोशित पनि छन्। नयाँ पार्टीहरूमा स्पष्ट दृष्टिकोण र नीति छैन र सांगठनिक स्वरूप फितलो छ, जसले अहिले नै राष्ट्रिय नेतृत्व गर्न सक्ने अवस्थामा छैन। यस्तो अवस्थामा देशले अझै केही समय दिशा लिन नसक्ने प्रस्ट छ। राजनीतिक पार्टीहरूको नाममा दर्शन, सिद्धान्त र नीतिविहीन राजनीतिक भीड देश र जनताको भविष्यका लागि सदैव दुर्भाग्य हो।

## जनआन्दोलनका शहिद र घाइतेलाई नभुलौं



नरेन्द्र रौले

हिजो (बिहीबार) १८औं लोकतन्त्र दिवस। नेपाली जनताको जीत भएको दिन। २०६२/६३ सालमा भएको १९ दिने जनआन्दोलनको बलमा नेपालमा लोकतन्त्र स्थापना भयो। आज देशमा त्यति सजिलै लोकतन्त्र आएको होइन। लोकतन्त्रको यो सुनौलो बिहानी आउनुमा २५ जनाले आफ्नो ज्यानको बाजी दिनुभयो र साढे सात हजार जना घाइते हुन भएका थिए।

त्यही जगमा २०६३ वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले आन्दोलनरत दलको माग बमोजिम २०५९ जेठ ८ गते विघटन भएको संसद् पुनःस्थापना गर्नुभयो। उक्त घोषणामा भनिएको थियो, 'राज्यशक्तिको स्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा नै निहीत रहेको तथ्यलाई हृदयङ्गम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावनाअनुरुप प्रतिनिधिसभालाई पुनःस्थापित गरिएको छ।' र, विधिवत रुपमा २०६४ सालदेखि नेपालमा लोकतन्त्र दिवस मनाउन थालिएको हो।

तत्कालीन राजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते शासन सत्ता आफ्नै हातमा लिएपछि राजनीतिक परिस्थिति फरक मोडमा पुग्यो। राजधानीमा सात दल एक ठाउँमा उभिन पुगे। सात दल निरन्तर सडक आन्दोलनमा होमिए। विस्तारै गणतन्त्रका पक्षमा आवाज उठ्दै गए। उता तत्कालीन सशस्त्र युद्धरत नेकपा (माओवादी) पनि सात दलको आन्दोलनमा ऐक्यबद्धता जनायो। पछि गएर सात दल र नेकपा (माओवादी) बीच १२ बुँदे समझदारी हुने वातावरण तयार भयो। २०६२ चैत २४ गतेदेखि जनआन्दोलन शुरु भयो। सडकमा लाखौं जनताहरु उत्रिए। लोकतन्त्र, गणतन्त्र र स्थायी शान्तिका पक्षमा गगनभेदी नाराहरु लागे। गुमेका अधिकार फर्काउनका लागि जनताहरु सडकमा उत्रिएका थिए।

ऐतिहासिक जनआन्दोलनमा म हरेक दिनजसो सहभागी हुन्थें। १७ वर्षको ठिटो। मनमा बेग्लै जोश, जाँगर र ऊर्जा थियो। रत्नराज्य लक्ष्मी क्याम्पसबाट आइए दोस्रो वर्षको परीक्षा दिएर बसेको थिएँ। देशमा सकारात्मक परिवर्तन होस् र स्थायी शान्ति छाओस् भन्ने चाहना थियो। नयाँ नेपालको सपना बोकेर शुरु भएको जनआन्दोलनमा म पनि एक सचेत नागरिकका हिसाबले होमिएको थिएँ। गुमेका आफ्अधिकारका पक्षमा सारा नेपालीहरुले बुलन्द रुपमा आवाज उठाएका थिए।

जनआन्दोलन उत्कर्षमा पुगेको थियो। देशमा यसले केही न केही नयाँ परिवर्तन ल्याउँछ, छिट्टै नै नयाँ परिणाम दिन्छ भन्नेमा सबै ढुक्क थिए। सडकमा हरेक दिन मानवसागर उर्लिदै गयो। २०६३ वैशाख ९ गते त्रिपुरेश्वर मलाई गोली लाग्यो। इतिहासमा कहिल्यै नमेटिने गरी त्यो घटना मेरो मस्तिष्कमा बसेको छ। त्यो विशाल जनसागर त्रिपुरेश्वरबाट रत्नपार्कतर्फ अगाडि बढ्ने क्रममा गोली बर्सिएको थियो। गोली र लाठी सामु पनि जनताहरुले प्रतिकार गरिरहे। काठमाडौंको मोडल अस्पतालमा मेरो उपचार भएको थियो।

तत्कालीन शाही सरकारले कर्फ्यु जारी गरे पनि कसैले त्यसको परवाह गरेका थिएनन्। जनताहरु कसैसामु झुकेनन्, कसैको डर थिएन। मात्र परिवर्तनका पक्षमा उभिएका थिए। अशान्ति र लडाईंबाट जनताहरु आजित थिए। छिट्टै यो अवस्थाको अन्त्य होस् भन्ने सबैको चाहना थियो। गोली, लाठी, अश्रुग्यास कुनै चिजका सामु जनता झुकेनन्। न्याय, शान्ति र सकारात्मक परिवर्तनका पक्षमा लडिरहे।

तत्कालीन राजा ज्ञानेन्द्रले वैशाख ११ गते राति संसद् पुनःस्थापनाको घोषणा गर्नुभयो। आन्दोलनरत दलले तयार पारेको मस्यौदाका आधारमा बैठकसमेत आह्वान गर्नुभयो। गणतन्त्रको जग यसै दिनबाट बसेको थियो। विसं २०६३ जेठ ४ गते संसद्ले राजदरबारको अधिकार कटौती गर्दै राजसंस्थालाई निलम्बन गरेको घोषणा गऱ्यो। र, यस बैठकले अर्को ऐतिहासिक घोषणा पनि गऱ्यो। नेकपा (माओवादी) लाई शान्ति प्रक्रियामा ल्याई संविधानसभाको निर्वाचन गर्ने सङ्कल्प प्रस्ताव गऱ्यो। विसं २०६४ चैत २८ गते पहिलो संविधानसभा निर्वाचन भयो। २०६५ जेठ १५ गते बसेको संविधानसभाको पहिलो बैठकले राजसंस्थाको विधिवत् अन्त्य भएको घोषणा गऱ्यो। २०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनबाट निर्वाचित सभाले २०७२ साल असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भयो। संविधानबमोजिम तीनै तहको निर्वाचन सम्पन्न भई आन्दोलनको बलमा बनेको संविधान कार्यान्वयन भयो। देशमा यति ठूलो परिवर्तन भयो। ठूलाठूला कामहरु सम्पन्न भए। तर, यतिबेला जनआन्दोलनका घाइतेहरुलाई पूरै बेवास्ता गरिएको छ। राहत, क्षतिपूर्ति, स्वास्थ्य उपचारलगायत अन्य सुविधा केबल नारामा मात्र सीमित भए। नेपाल सरकारको गृह मन्त्रालयले प्रदान गरेको घाइते परिचयपत्रको आजको दिनमा खासै कुनै उपयोगिता छैन। तत्कालीन समयमा नेपाल सरकारको मातहतमा गठन गरिएको 'जनआन्दोलनका घाइतेको उपचार निर्देशन तथा व्यवस्थापन समिति' अहिले पूरै निस्कृय बनिसकेको छ।

शुरुमा नेपाल सरकारले जनआन्दोलनका घाइतेहरुको उपचार गर्ने, आर्थिक सहायता प्रदान गर्ने बाचा गर्ने भने पनि अहिले घाइतेहरुका लागि काम गर्ने कुनै सरकारी संयन्त्र नै छैन। तत्कालीन समयमा बबरमहलमा रहेको शान्ति तथा पुनःनिर्माण मन्त्रालयअन्तर्गत राहत तथा पुनःस्थापना इकाइ खडा गरिएको थियो। दीर्घकालीन रुपमा यसले पनि काम गर्न सकेन। मुलुकले लोकतन्त्र दिवस मनाइरहँदा ऐतिहासिक जनआन्दोलनका घाइतेहरुको योगदानलाई पनि सम्झिनुपर्छ। मुलुकलाई यस स्थितिसम्म ल्याउन शहिद तथा घाइतेको ठूलो योगदान रहेकाले उचित सम्मान तथा राहतका कार्यक्रम ल्याउनेतर्फ गम्भीर भएर सोच्नैपर्छ।

विसं २०६२ मङ्सिरमा १२ बुँदे समझदारीका माध्यमबाट सबै राजनीतिक शक्ति एक ठाउँमा उभिएका थिए। २०६२ फागुनदेखि पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सुरु भएको निर्णायक आन्दोलनले चैतमा गति लिएको थियो। आज दुई दशकपछि देशमा जुन राजनीतिक परिस्थिति निर्माण भएको छ, हामीले हिजोको इतिहास भुल्नु हुँदैन।

आज मुलुकले लोकतन्त्र दिवस मनाइरहेको छ। यस ऐतिहासिक घडीमा जनआन्दोलनमा आफ्नो ज्यानको शहादत पाएका शहिद, घाइतेको योगदानलाई बिर्सनु हुँदैन। तत्कालीन सरकारले शहिद परिवार र घाइतेहरुका लागि गरिएका बाचा, प्रतिवद्धताहरु कार्यान्वयन गर्न ढिलाइ भइरहेको छ। यसतर्फ तत्काल ध्यान दिएर अविलम्ब कार्यान्वयन गर्नुपर्छ। (सञ्चारकर्मीसमेत रहनुभएका लेखक ऐतिहासिक जनआन्दोलनमा गोली लागेर घाइते व्यक्ति हुनुहुन्छ)

## कोवाङ-जोमसोम सडक अन्तर्गत घरपझोङमा सडक स्तरोन्नति गर्न माग

मुस्ताङ। राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक अन्तर्गत मुस्ताङको कोवाङ-जोमसोम सडक खण्डमा पर्ने घरपझोङ-४ जोमसोमस्थित भासिएको सडक स्तरोन्नति गर्न स्थानीयवासीले माग गरेका छन्। उनीहरुले बिहीबार दुई घण्टा सडक अवरोध समेत गरेका छन्।

प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले तत्काल निर्माण कम्पनीलाई भाँसिएको स्थानमा सडक संरचनाको काम सुरु गर्न लगाउने आश्वासन दिनुभएपछि सडक आगमन खुल्ला गरिएको हो। योसँगै मुक्तिनाथ-कोरला आउजाउ गर्ने सडक गन्तव्यमा प्रस्थान गरेका छन्।

यसअघि जोमसोममा निर्माणधिन मुख्य सडक भाँसिएको स्थानमा सडकको काम तत्काल सुरु गर्नुपर्ने माग राख्दै मुस्ताङको घरपझोङ-४ जोमसोमस्थित गणेश मन्दिर नजिकै स्थानीयले सडक अवरोध गरेका थिए। उनीहरुले गत वर्ष भाँसिएको करिव १०० मिटर सडक स्तरोन्नति नहुँदा कालिगण्डकी नदीको तटीय बस्ती जोखिममा परेको जनाउँदै मुक्तिनाथ-कोरला सडकमा केही समय आवत जावतमा अवरोध गरेका थिए।

जोमसोमकी स्थानीय प्रमिला गुरुङ थकालीले भाँसिएको सडक मर्मत तथा स्तरोन्नतिका लागि आवश्यक पहल गरिदिन पटक-पटक स्थानीय प्रशासन र गाउँपालिका कार्यालयमा लिखित ध्यानआर्कषण गराउँदासमेत भाँसिएको सडक स्तरोन्नति गर्न पहल नभएको बताउनुभयो।

मुस्ताङको घरपझोङ-४ जोमसोमका वडाध्यक्ष यमप्रसाद थकालीले जोमसोम सडक स्तरोन्नतिमा निर्माण कम्पनी, आयोजना र स्थानीय प्रशासनले गरेको अल्टिमेटम चैत्र २० गतेसम्म तोकिएको भएपनि निर्माण कम्पनीले उक्त स्थानमाा भासिएको सडक स्तरोन्नति नगरेको बताउँनुभयो। निर्माण कम्पनीले पटकपटक झुक्याउने काम गरेको र स्थानीय प्रशासनले पनि सडक मर्मत तथा स्तरोन्नतिकार्यलाई गम्भिर रूपमा नलिएकाले स्थानीयले सडक अवरुद्ध गरेको बताउँनुभयो।

विसं २०७३/०७४ सालमा ठेक्का सम्झौता भएको कोवाङ-जोमसोम १७ किमी सडकमा निर्माण कम्पनीले ढिलासुस्ती गर्न सम्पन्न हुनसकेको छैन। मार्फा-जोमसोम सडक कालोपत्रे र जोमसोममा भासिएको सडक अविलम्व सुरु गरेर बर्खायामको खोलाको सतह नबढ्दै निर्माण गर्नुपर्नेमा स्थानीयले माग गरेका छन्।

प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले तत्काल निर्माण कम्पनीलाई भाँसिएको स्थानमा सडक संरचनाको काम सुरु गर्न लगाउने आश्वासन दिनुभएपछि सडक आगमन खुल्ला गरिएको हो। योसँगै मुक्तिनाथ-कोरला आउजाउ गर्ने सडक गन्तव्यमा प्रस्थान गरेका छन्।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com



प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

## नेप्से परिसूचक दुई अंकले बढ्यो

काठमाडौँ । अघिल्ला चार कारोबार दिन लगातार घटेको शेयर बजार बिहीबार दुई दशमलव शून्य आठ अङ्क बढेको छ । बिहीबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दुई दशमलव शून्य आठ अङ्कले बढेर दुई हजार ६५८ दशमलव शून्य दुईको विन्दुमा कायम भएको हो ।

बिहीबार तीन सय आठ कम्पनीको एक करोड ९७ लाख ५४ हजार २४५ कित्ता शेयर ७० हजार ७०३ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ८७ करोड ९३ लाख ८१ हजार २६८ दशमलव २८ को कारोबार भएको छ। कूल ८३ कम्पनीको शेयर मूल्य बढ्दा एक सय ६१ को घटेको छ भने एउटाको स्थिर रहेको नेप्सेले जनाएको छ । बिहीबार लगानी समूह सबैभन्दा बढी दुई दशमलव चार प्रतिशतले बढ्दा हाइड्रोपावर शून्य दशमलव २२, व्यापार शून्य दशमलव ३९ र बैंकिङ शून्य दशमलव शून्य तीन प्रतिशतले बढेका छन् ।

विकास बैंक शून्य दशमलव ७६, फाइनान्स शून्य दशमलव ८३, होटल तथा पर्यटन एक दशमलव १६, जीवन बिमा शून्य दशमलव ३२, उत्पादन शून्य दशमलव १७, माइक्रोफाइनान्स शून्य दशमलव ४६, निर्जीवन बिमा शून्य दशमलव २८ र अन्य समूह शून्य दशमलव १३ प्रतिशतले घटेका नेप्सेले जनाएको छ ।

## शुक्लाफाँटाका दुई हजार ५५२ किसान सूचिकृत

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिकाका दुई हजार ५५२ घरघुरीका किसानलाई सूचिकरण गरिएको छ । कृषि पेशा व्यवसायमा संलग्न किसानलाई उपलव्ध हुने अनुदान र सहायता प्राप्त गर्नका लागि किसानलाई सूचिकरण गरिएको हो ।

किसान सूचिकरण संकेत नम्बर भएका किसानलाई मात्रै अनुदान लगायतका कार्यक्रममा समावेश गरिने भएकाले सूचिकरणको कार्य अगाडि बढाइएको नगरपालिकाको कृषि विकास शाखाका प्रमुख करन बुढाऐरले बताउनुभयो । उहाँका अनुसार नगरपालिकाको-१, ११ र १२ मा किसान सूचिकरण गरिएको छ। जसअनुसार वडा नं १ मा ४६८, वडा नं ११ मा एक हजार २१ र वडा नं १२ मा एक हजार ६३ गरी दुई हजार पाँच सय ५२ घरघुरीलाई सूचिकरण गरिएको छ ।

आगामी आबमा नगरपालिका-२, ३, ४, १० र ५ मा किसान सूचिकरणकार्य गरिने उहाँले बताउनुभयो । कृषि विषय अध्ययन गर्ने अभ्यार्थीलाई परिचालन गरी सूचिकरणकार्य गरिएको उहाँको भनाइ रहेको छ ।

"सूचिकरणले किसान परिचयपत्र दिन सजिलो हुने, किसानलाई खेतीका आधारमा ठुलो सानो गरी बर्गीकरण सकिने र त्यही आधारमा अनुदानका कार्यक्रम सञ्चालन गर्न मद्दत पुग्छ" उहाँले भन्नुभयो, "सूचिकरणकै आधारमा आवश्यक बजेट विनियोजन गरी कार्यक्रम तर्जुमा गरी कार्यअगाडि बढाउन सकिन्छ ।"

## गल्फागाड श्रीनगर सडक सञ्चालन

अदानचुली । बाढीले अवरुद्ध बनाएको गल्फागाड श्रीनगर सडक खण्ड सञ्चालनमा आएको छ। यही वैशाख ४ गते परेको अविरल वर्षा सहितको पहिरोका कारण भत्काएको सडक मर्मतपछि सञ्चालनमा आएको हो ।

नियमित रूपमा सञ्चालनमा रहेको उक्त सडक खण्डवर्षाका कारण एक सातादेखि पूर्णरुपमा अवरुद्ध भएको थियो। गाउँपालिकाले जेसिभीमार्फत् निरन्तर मर्मत गरेपछि सञ्चालनमा आएको छ । गाउँपालिकाले चार दिन मर्मत गरेपछि आज बिहानदेखि सडक सुचारु भएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत विनोद बुढाले बताउनुभयो ।

कर्णाली करिडोरबाट गाउँपालिकाको केन्द्र जोड्ने एक मात्र विकल्प रहेको उक्त सडक खण्ड अवरुद्ध भएपछि गल्फा गाडलगायतका क्षेत्रमागई सवारी साधनको प्रयोग गर्ने नागरीकलाई केही सहज भएको छ। निरन्तर एक हप्तासम्म यातायात ठप्प भएपछि गाउँमा दैनिक उपभोग्यका सामग्रीको अभावभई हाहाकार भएको व्यवसायी नवराज महताराको भनाइ छ। त्यति मात्रनभई पालिकाको ब्यावसासय देखिनिर्माणका सामग्री ढुवानी गर्ने मालबाहक ट्रक एक सातादेखि गल्फागाडमा रोहिएकोमा आजमात्रै गाउँपालिकाको केन्द्रमा आइपुगेका छन्

एक सातामात्रै बन्दभएको सडकका कारण पालिकामा बिभिन्न सामग्री अभावचुलिनलागेको बेला सडक खण्डखुल्दा व्यवसायीदेखि उपभोक्ता सबैलाई सहजभएको छ । नेपालगञ्ज सुर्खेत लगायतकाशहरी क्षेत्रमा जानकरिब दुई घण्टाको पैदलबाटो मार्फत कर्णाली करिडोरमा गएर मात्रै बस चढ्नुपर्ने बाध्यता थियो। उक्त बाध्यता आजबाट हटेको छ।

## जग्गा नापनक्सांकनको काम पुनः सुरू

देउखुरी । दाङको तुलसीपुर उपमहानगरपालिकाले भूमिहीन, सुकुम्बासी, अव्यवस्थित बसोबासीको जग्गा नाप नक्साङ्कनको काम सुरु गरेको छ ।

राष्ट्रिय भूमि आयोग दाङको समन्वयमा उपमहानगरले आजदेखि जग्गाको काम थालेका हो ।

तुलसीपुर उपमहानगरपालिका भूमि शाखाका अमिन रितेश बस्नेतले यस अघि वडा नम्बर ६मा एक हजार २६५ कित्ताको पाँच लाख ३४ हजार ९८९. ८७ वर्ग मिटर क्षेत्रफल जग्गा नाप नक्साङ्कन सम्पन्न भएको बताउनुभयो । उहाँका अनुसार वडा नं ६ मा करिब ७५ प्रतिशत नाप नक्साङ्कनको काम सकिएको छ ।

राष्ट्रिय भूमि आयोग दाङका अध्यक्ष हुकुम बस्नेतले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई मध्येनजर गरी जग्गा नापजाँचकार्य अगाडि बढाइएको बताउनुभयो । अध्यक्ष बस्नेतले तुलसीपुरमा सुरु गरिएको नापनक्साङ्कनको काम एक महिनाभित्रै सम्पन्न गरेर दुई महिनाभित्रै भूमिहीन दलितलाई लालपूर्जा वितरण गरिने बताउनुभयो। जिल्लाको शान्तिनगर, बबई, राप्ती र राजपुर गाँउपालिकामा जङ्गल क्षेत्रभित्र भूमिहीन दलित, सुकुम्बासीले वर्षौंदेखि जग्गा उपभोग गर्दै आएकाले ती क्षेत्रको जग्गा नाँपजाँचमा समस्या देखिएको बताउनुभयो ।

उपमहानगरपालिका प्रमुख टीकाराम खड्काकाले पालिकाभित्र अहिले २३ हजार ३२६ जना भूमिहीन दलित, सुकुम्बासी, अव्यवस्थित बसोबासीको निवेदन दर्ता भएको जानकारीदिनुभयो । भूमिहीन दलितलाई पहिलो प्राथमिकतामा राखेर लालपूर्जा वितरण गरिने उहाँ बताउनुभयो। यसरी जग्गाको पुनः नाप तथा नक्सांकन सुरु हुँदा स्थानीय स्तरमा रहेका लाभग्राहीहरुले भने खुसी व्यक्त गरेका छन् ।

## देश विकासका लागि युवा एकतामा जोड

काठमाडौँ । युवाहरुमा एकता हुँदा सधैँ देश विकासमा टेवा पुग्ने एक कार्यक्रमका सहभागीहरुले बताएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले बिहीबार लोकतन्त्र दिवसका अवसरमा भृकुटीमण्डपमा आयोजना गरेको 'यूथ सेलिब्रेसन' कार्यक्रममा विभिन्न क्षेत्रका युवाहरुले आफ्ना प्रतिभा प्रस्तुत गर्दै विचार राखेका थिए ।

काठमाडौँ महानगरपीलकाकी उपप्रमुख सुनिता डङ्गोलले राम्रा कामका प्रचार गर्न एमालेले युवा शक्तिको सदुपयोग गर्ने बताउनुभयो। उहाँले स्टन्ट गरेर देश नबन्ने र देश बन्नका लागि काम गर्नुपर्नेमा जोड दिनुभयो । "स्टन्ट गरेर देश बन्दैन देश बनाउने हो भने काम गर्नुपर्छ," उहाँले भन्नुभयो ।

डा आनन्द सिंहले फरक भूगोल, संस्कृति, भाषा, आचरण र संस्कार नेपालीलाई एकतामा बाँध्ने सुत्र भएका बताउनुभयो ।

उहाँले मुलुक एकतामा बाँधेर राख्दा विचार, बौद्धिकता र समावेशिताका क्षेत्रमा सकारात्मक अभ्यास हुने धारणा राख्नुभयो। "फरक भूगोल, संस्कृति, भाषा, आचरण र संस्कार भएका हामी नेपालीलाई एकताले एउटै डोरीमा बाँधेर राखेको छ", उहाँले भन्नुभयो, "एकता सधैँ कायम भएमा देश बन्नुका साथै अन्तरराष्ट्रिय जगतमा सकारात्मक सन्देश जान्छ । एकता भावनामा मात्र होइन विचार, बौद्धिकता र समावेशितामा पनि हुनुपर्छ ।"

सोही कार्यक्रममा पृथ्वी नारायण क्याम्पस पोखराका स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) सभापति विष्णु पोखरेलले समावेशिता र समानताको प्रत्याभूति लोकतन्त्रमा मात्र सम्भव हुने बताउनुभयो । उहाँले नेपाललाई मासु, तरकारी, फूलगायतका क्षेत्रमा आत्मनिर्भर बनाउन सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने र युवाले पनि नेपालको बाँझो जमिन जोत्न र खन्न आँट गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

त्यसैगरी शिवराज नगरपालिका कपिलवस्तुकी उपप्रमुख शिवकुमारी थारुले गणतन्त्र रक्षाका लागि सम्पूर्ण युवा एकजुट भएर अघि बढ्नुपर्ने बताउनुभयो। "विकास देख्न नसक्ने राष्ट्रिय अन्तर्राष्ट्रिय शक्तिले गणतन्त्रमाथि प्रहार गरिरहेका छन्", उहाँले भन्नुभयो, "युवा शक्तिले त्यस्ता शक्तिलाई समाप्त पार्दै अघि बढ्नु पर्छ ।"

## तेह्र बुँदे घोषणापत्र जारी गर्दै हिमाली संवाद सम्पन्न

काठमाडौँ। सङ्घीय सरकारले आगामी जेठ २ देखि ४ गतेसम्म गर्ने सगरमाथा संवादको पूर्वतयारीका रूपमा आयोजना गरिएको हिमाली संवाद १३ बुँदे घोषणा पत्र जारी गर्दै सम्पन्न भएको छ ।

यही वैशाख ९ र १० गते जुम्लाको खलङ्गामा सम्पन्न हिमाली संवादमा कर्णालीका बालबालिका र सीमान्तकृत समूहहरूको आवाज प्रस्फूटन गराउने विषयमा विभिन्न सुझाव दिइएको हो। सगरमाथा संवादको सचिवालयसँगको समन्वयमा सेभ द चिल्ड्रेन, युथ एलाइन्स फर इन्भायरोन्मेन्ट (वाइएई), कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (क्रिडाक)लगायत विकास साझेदार सँगको सहयोग र सहकार्यमा संवाद सम्पन्न भएको सचिवालयले जनाएको छ । सीमान्तीकरणबाट प्रभावित बालबालिका, युवा र हिमाली समुदायका अनुभव आदानप्रदान, बाल-संवेदनशील जलवायु समाधानका लागि वकालत लगायत विषय उजागर गरिएको वाइएईका अध्यक्ष सनोत अधिकारीले जानकारी दिनुभयो। घोषणापत्र तीन तहका सरकार, सगरमाथा संवाद सचिवालय र विश्व समुदायलाई हस्तान्तरण गर्दै ध्यानाकर्षण गरिने उहाँले बताउनुभयो। संवादमा कर्णाली प्रदेशका हिमाली समुदायका बालबालिका, आदिवासी र सीमान्तकृत समुदाय, महिला र किशोरी, हिमाली क्षेत्रमा कार्यरत नागरिक समाज, विभिन्न सङ्गठन, विकास साझेदार, संयुक्त राष्ट्रसङ्घीय निकाय, सरकारीतर्फका प्रतिनिधि, स्थानीय सरकारका प्रतिनिधि र नीति निर्माता, प्रदेश र सङ्घीय सरकारका प्रतिनिधि गरी एक सय ५० जनाको सहभागिता थियो ।

घोषणापत्रमा हिमाली क्षेत्रका बालबालिका, युवा र समुदायमा जलवायु सङ्कटले पारेको असरलाई सम्बोधन गर्न सगरमाथा संवादमा यस विषयलाई प्राथमिकताका साथ छलफल गरी समाधानका उपायको खोजी गर्न माग गरिएको छ । त्यस्तै सगरमाथा संवादमा बालबालिकाहरूका आफ्ना भोगाइ, अनुभव र आवाज उठाउन विशेष सत्रको व्यवस्था गर्न आग्रहसहित सुझाव आएको वाइएईका कार्यक्रम संयोजक अञ्जु पोखरेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार जलवायु सम्बन्धी शिक्षा र सचेतनालाई सबै समुदायमा सञ्चालन गर्न, जलवायु सङ्कटको समाधानका लागि सिमान्तकृत र सामाजिक रूपमा पछाडि पारिएका समुदायका जीवन्त भोगाइलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम लागू गर्न घोषणापत्रमा आग्रह गरिएको छ ।

हिमाल बचाउन नेपालको प्रयास मात्र पर्याप्त नहुने भएकाले छिमेकी मुलुकदेखि समग्र विश्वसमुदायको सहकार्य र अन्तरराष्ट्रिय तहमा साझेदारी बढाउनका लागि पहल गर्न आग्रह गरिएको क्रिडाकका कार्यकारी निर्देशक गोविन्दबहादुर शाहीले जानकारी दिनुभयो । समुदायले भोगेका हानिनोक्सानीको क्षतिपूर्ति प्रदान गर्न सगरमाथा संवादमा यो मुद्दालाई प्राथमिकतामा राख्दै हानिनोक्सानी कोषमा समुदायको पहुँच सुनिश्चित गर्न आग्रह गरिएको उहाँले उल्लेख गर्नुभयो। हिमाली संवादले जलवायु परिवर्तनले तल्लो तटीय क्षेत्रमा गम्भीर असर परेकाले उक्त क्षेत्रका समुदाय र बासिन्दामा पर्न गएको नकारात्मक असर सम्बोधन गर्नुपर्ने, पर्वतीय र सामुद्रिक अर्थतन्त्रलाई जोड्नुपर्ने, कर्णालीलगायत हिमाली क्षेत्रमा हुने परम्परागत रैथाने बालीको संरक्षण गर्न प्राङ्गारिक मलको प्रयोग बढाउनुपर्ने, हिमाली क्षेत्रमा सञ्चालित जलवायु परिवर्तनको असरलाई सम्बोधन गर्न एकीकृत बस्ती विकास र अनुकूलनका असल अभ्यास प्रवर्द्धनका लागि सञ्चालित कार्यक्रम हरूलाई निरन्तरता दिन सुझाव दिइएको छ ।

## खाद्य व्यवस्था जनकपुरद्वारा गहुँ खरिद सुरू

जनकपुरधाम। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको प्रादेशिक कार्यालय जनकपुरधामले बिहीबारदेखि किसानसँग गहुँ खरिद गर्न थालेको छ ।

सरकारले प्रतिक्वीन्टल तीन हजार ८६७ रुपैयाँ तथा ३८ पैसाका दरले खरिद गर्ने तोकेको समर्थन मूल्यको आधारमा गहुँ खरिद सुरु गरेको कार्यालय प्रमुख निर्मल थापाले जानकारी दिनुभयो । धनुषा तथा महोत्तरीका किसान बाट यसवर्ष दुई हजार ५०० क्वीन्टल गहुँ खरिद गर्ने लक्ष्य रहेको छ। प्रतिकिसानबाट ५० क्वीन्टल तथा प्रतिसहकारी सँस्थाबाट ५०० क्वीन्टल गहुँ खरिद गर्ने कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार जनकपुरको मुजेलियास्थित कार्यालय हाताभित्र गहुँ खरिदका लागि निःशुल्क काँटासमेत सञ्चालन गरेको छ। धनुषा तथा महोत्तरीका सम्बन्धित स्थानीय तहको सिफारिश तथा गहुँ बिक्री गर्न गहुँ सफागरी तोकेको मापदण्डको आधारमा हुनुपर्ने र किसानलाई भुक्तानी चेकमार्फत गराइने सूचनामा उल्लेख छ । सो कार्यालयले चालू आर्थिक वर्षमा लक्ष्यको तुलनामा धान खरिद कम गरेको छ। ३२ हजार क्वीन्टल धान खरिद गर्ने लक्ष्य रहेकामा पाँच हजार ३४६ क्वीन्टल धान मात्र खरिद गरिएको छ ।

समर्थन मूल्यभन्दा बजार मूल्य अधिक रहेकाले किसानले आफ्नो उत्पादन निजीक्षेत्रका बजारमा बिक्री गरेकाले लक्ष्यअनुसार धान खरिद नभएको हो । सरकारले प्रतिक्वीन्टल रु तीन हजार ५८० का दरले धान खरिदगर्ने निर्देशन दिएपनि बजारमा करिव रु चार हजार प्रतिक्वीन्टल का दरले किसानले धान बिक्री गरेका थिए ।

## कञ्चनपुरको सभागृह प्रयोग विहीन

दोधारा चाँदनी । कञ्चनपुरको भीमदत्त नगरपालिका-४ स्थित निर्माण भएको सभागृह प्रयोगविहीन बनेको छ । विसं २०७५ मा निर्माण सम्पन्न भएको उक्त सभागृह हालसम्म प्रयोगमा आउन सकेको छैन। तीन तले सुविधा सम्पन्न सभागृहमा तीन हलका साथै चेन्जिङ रुम, अन्डर-ग्राउण्ड पार्किङको सुविधा पनि छ । तर निर्माण सम्पन्न भएको सात वर्ष बित्दासमेत उक्त सभाहल सञ्चालनमा आउन सकेको छैन। तत्कालीन महेन्द्रनगर नगर विकास समितिले रु आठ करोडको लगानीमा निर्माण गरेको सभागृह अहिले भीमदत्त नगरपालिका मातहत छ । तत्कालीन नगर विकास समिति अहिले भीमदत्त नगर विकास समिति बनेको छ। सभा हल सञ्चालनमा ल्याउने दायित्व भीमदत्त नगरपालिकाको भए पनि नगरपालिकाले सभाहल सञ्चालनमा ल्याउन सकेको छैन। निमार्ण सम्पन्न भएको वर्षौंसम्म सभागृह सञ्चालनमा आउँदा जीर्ण बन्दै गएको छ । नगरपालिकाको नेतृत्वले चासो नदिदा करोडौं लगानीमा निमार्ण भएको सभागृह जीर्ण बन्दै गएको यहाँका स्थानीय बताउँछन । "तत्कालीन नगर विकास समितिले जुन उद्देश्यका साथ सभागृह निमार्ण गरेको त्यही उद्देश्यअनुरुप सभागृह सञ्चालनमा आउनुपर्छ।" यहाँका स्थानीय विष्णुप्रसाद जोशीले भन्नुभयो, "राज्यको करोड लगानी भएको संरचना प्रयोगविहिन बन्नुहुँदैन ।" कञ्चनपुरमा सभागृह नहुँदा ठुला कार्यक्रम सञ्चालन गर्न समस्या हुने गरेको उहाँको भनाइ छ। "निमार्ण सम्पन्न भएको सातवर्ष पुग्न थाल्यो अझैपनि सञ्चालनमा आउन सकेको छैन ।" स्थानीय टेक सिंह नायकले भन्नुभयो, "सभागृहको कतिपय ठाउँमा भवन नै चर्किएको छ ढोका र झ्याल फुटेका छन ।" उहाँले सभाहल सञ्चालन गर्ने दायित्व नगरपालिकाको भएकाले पालिकाले सञ्चालनमा ल्याउन पहल गर्नुपर्ने बताउनुभयो ।

## गभर्नर नियुक्तिमा ढिलाइ गर्न हुन्न : कांग्रेस प्रवक्ता महत

काठमाडौँ । नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्तिमा ढिलाइ गर्न नहुने बताउनुभएको छ ।

बिपी चिन्तन प्रतिष्ठान र संसदीय अध्ययनन तथा विकास संस्थापनले बिहीबार आयोजना गरेको 'आगामी बजेटका प्राथमिकताहरु' विषयक विशेष अन्तरसंवाद कार्यक्रममा पूर्वअर्थमन्त्रीसमेत रहनुभएका डा महतले राजनीतिक पूर्वाग्रह नराखी योग्य र व्यावसायिक व्यक्तिलाई गभर्नर नियुक्त गरिनुपर्ने धारणा राख्नुभयो ।

"गभर्नर नियुक्तिमा ढिलाइ हुनु दुर्भाग्यपूर्ण कुरा हो", प्रवक्ता डा महतले भन्नुभयो, "जसले निरपेक्ष भावले अर्थतन्त्रलाई केन्द्रमा राखेर काम गर्छ त्यस्तो व्यक्तिलाई गभर्नर नियुक्त गर्नुपर्छ ।" आगामी आर्थिक वर्षको बजेट सन्तुलित र अनुशासित हुनुपर्नेमा जोड दिँदै प्रवक्ता डा महतले भन्नुभयो- "बजेट वर्षभरिको आम्दानी र खर्चको विवरण हो । आम्दानी खर्च जुटाउने, स्रोतको सुनिश्चितता हुने र हाम्रा आवश्यकता तथा प्राथमिकताका आधारमा बजेट विनियोजन गरिनुपर्छ ।" मौद्रिक नीति र वित्त नीतिलाई लयमा लैजानुपर्ने उहाँको भनाइ थियो ।

प्रवक्ता डा महतले प्रशासनिक खर्च घटाएर पुँजीगत खर्च बढाउनेगरी बजेट व्यवस्थापन हुनुपर्ने सुझाव दिनुभयो । देखाउनकै लागि ठूलो बजेट ल्याइने गरेको दृष्टान्त प्रस्तुत गर्दै उहाँले भन्नुभयो, "आम्दानी स्रोतको सुनिश्चितता हुनुपर्छ । पुँजीगत खर्च बढाउनुपर्छ, त्यसैले बजेट लोकप्रिय हैन अनुशासित हुनुपर्छ । प्राथमिकीकरणका आधारमा बजेट बनाइनुपर्छ ।"

सामाजिक सुरक्षा, शिक्षा, पर्यटन, सूचना प्रविधि, उत्पादनमूलक क्षेत्र आदिलाई बजेटले प्राथमिकता दिनुपर्ने उहाँको भनाइ थियो ।

नेपाली कांग्रेसका नेता दीपकुमार उपाध्यायले मुलुकको विद्यमान आर्थिक अवस्थालाई सुधार्नेगरी आगामी बजेटले प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "देशको आर्थिक अवस्था लचिलो भएको छ । स्रोतसाधनको सही उपयोग गर्न आम्दानीभन्दा खर्च बढी छ । ऋणले खर्च धान्नुपरेको छ, यो अवस्थालाई सुधार्न बजेटले ध्यान दिनुपर्छ ।"

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रा डा गोविन्दराज पोखरेलले प्रतिफल दिने क्षेत्र र मुख्य पूर्वाधार सम्पन्न हुनेगरी बजेट विनियोजन गरिनुपर्ने बताउनुभयो ।

"क्षमता विकासमा लगानी गरिनुपर्छ, ठूला जलासययुक्त आयोजनामा लगानी बढाउनुपर्छ", उहाँले भन्नुभयो, "निजी क्षेत्रमैत्री लगानीको वातावरण सिर्जना गर्दै आयात प्रतिस्थापन, फजुल खर्च रोक्नेजस्ता विषयलाई बजेटले प्राथमिकता दिनुपर्छ ।" राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा पुष्पराज कँडेलले अर्थतन्त्रलाई सही मार्ग दिन नीतिगत र संरचनागत सुधार जरुरी भएको औँल्याउनुभयो । "संरचनागत समस्याले बजेट संयन्त्र कमजोर हुने गरेको छ", उहाँले भन्नुभयो, "बजेटमार्फत प्राथमिकता प्राप्त आयोजनामा लगानी गरिनुपर्छ । शिक्षाको गुणस्तर अभिवृद्धि र कृषि उत्पादन प्रवर्द्धनका विषयलाई प्राथमिकता दिनुपर्छ ।"

नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले बजेट परम्परागत हुने गरेको उल्लेख गर्दै आर्थिक क्षेत्रलाई चलायमान हुनेगरी प्राथमिकता प्राप्त आयोजना समेटिनुपर्नेमा जोड दिनुभयो । उहाँले बजेट स्रोतको सुनिश्चितता हुनेगरी सन्तुलित र पूर्वाधारमा लगानीयोग्य हुनुपर्ने सुझाव दिनुभयो ।

स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशक डा रघुराज काफ्लेले विकासको सूचकलाई सम्बोधन हुनेगरी बजेट ल्याइनुपर्ने बताउनुभयो ।

उहाँले सामाजिक सुरक्षाको सुनिश्चितता तथा पुँजीगत खर्च गर्ने क्षमता बढाएर निजी क्षेत्रलाई प्रोत्साहित गर्नेगरी खर्च गर्ने क्षमता बढाउनुपर्ने सुझाव दिनुभयो । प्रतिष्ठानका अध्यक्ष हरिबोल भट्टराईले राजनीतिक नेतृत्वमा आध्यात्म ज्ञान र नैतिकता जरुरी भएको खाँचो औँल्याउनुभयो । संसदीय अध्ययन तथा विकास संस्थापन समितिका महासचिव रुद्र शर्माले बजेट यथार्थ र तथ्यपरक ढङ्गले ल्याइनुपर्ने धारणा राख्नुभयो ।

## कैदीबन्दीलाई सिलाइकटाइ तालिम

मुस्ताङ । जिल्ला कारागारका कैदीबन्दीलाई सिलाइकटाइ तालिम दिन सुरु गरिएको छ । पर्यटन तथा उद्योग कार्यालयको आयोजनामा पुरुष कैदीबन्दीहरुको सीप क्षमता विकास, आयआर्जन, व्यवसायिक तथा आत्मनिर्भर बनाउने उद्देश्यले आजदेखि एक महिनाको सिलाइकटाइ तालिम सञ्चालन गरिएको हो ।

पर्यटन तथा उद्योग कार्यालयको आर्थिक सहयोग तथा कारागार शाखाको व्यवस्थापनमा १० पुरुष कैदीबन्दीलाई तालिम दिइने कारागार शाखा मुस्ताङका निमित्त प्रमुख लालबाबु सहनीले जानकारी दिनुभयो । कारागारभित्र कुल १२ कैदीबन्दी रहेकामा दुई जना कैदीबन्दी वृद्ध भएका कारण तालिममा सहभागी हुन नसकेको निमित्त प्रमुख सहनीले बताउनुभयो ।

कैदीबन्दीलाई तालिम दिन एक प्रशिक्षकसहित सिलाइकटाइसम्बन्धी सामग्री कार्यालयले उपलब्ध गराएको पर्यटन तथा उद्योग कार्यालय प्रमुख प्रेम पौडेलले जानकारी दिनुभयो । जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि र घरपङ्फोङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बेदहरी अधिकारीले संयुक्त रुपमा तालिमको आज उद्घाटन गर्नुभयो ।

## आवासीय चिकित्सक भन्छन् : श्रमको मूल्य नपाउँदा काम गर्ने मनोबल नै घटेको छ

काठमाडौँ । जोरपाटीस्थित नेपाल मेडिकल कलेजमा आवासीय डेन्टल चिकित्सक डेन्टल डा ऋतु शर्मालाई नेपालमै चिकित्सा क्षेत्रमा केही गर्नुपर्छ भनेर विदेश मोह त्याग्नुभयो । तर त्यो निर्णय उचित थिएन कि भन्ने लागेको छ । बिरामीको सेवा लाग्नुपर्ने उहाँ अहिले तीन हप्तादेखि निरन्तर माइतीघर मण्डलामा धर्ना दिएर बसिराख्नुभएको छ ।

सोही कलेजमा आवासीय चिकित्सकको रुपमा कार्यरत डा निशा थापा पनि उहाँसँग हुनुहुन्छ । टण्टलापुर घाममा उहाँहरुजस्तै निजी मेडिकल कलेजमा कार्यरत आवासीय चिकित्सकले सरकारी सरह निर्वाह भत्ताको माग गर्दै २२ दिनदेखि आन्दोलनरत छन् । चिकित्सक शर्मा भन्नुहुन्छ, "आफूलाई चिकित्सक भनेर के गर्नु ? अहिलेसम्म मासिक रुपमा बुवाआमासित पैसा माग्नु परिरहेको छ । आमबुझाइमा चिकित्सकले धेरै पैसा कमाउँछ भनेर सोचिन्छ । तर पैसा हामीले होइन अस्पताल सञ्चालकले कमाउँछन् । न्यूनतम पारिश्रमिक दिइएको छैन ।" हाल उहाँ कार्यरत अस्पतालले आवसीय चिकित्सकलाई मासिक रु १९ हजार दिइरहेको छ । "सोही तहमा सरकारी अस्पतालमा काम गर्ने चिकित्सकको रु ४८ हजार पाइरहनुभएको छ, हामीले रु १९ हजारले के गर्ने ? कोठा भाडा तिर्न र कलेजको खर्चमै जान्छ । त्यति पनि पुग्दैन । डेन्टल विधामा हामीले आफ्नो अभ्यासकालागि सामान समेत आफै किन्नुपर्छ । जसका लागि महिनाकै २२ देखि २५ हजार जान्छ । हामी कसरी बाँचिरहेका छौँ । अबको दुई तीन वर्षमा चिकित्सकहरु नै बस्दैनन् होला", उहाँले प्रश्न गर्नुभयो । डा थापा देशको अवस्थाले गर्दा काम गर्न मनोबल नै घटेको प्रतिक्रिया दिनुभयो ।

लुम्बिनी मेडिकल कलेज, पाल्पामा कार्यरत आवासीय अर्थोपेडिक चिकित्सक डा कुन्दन सिंहको समस्या पनि त्यस्तै छ । हप्तामा १३६ घण्टा काम र तलब जम्मा रु १९ हजार आठ सय निकै कम भएको उहाँको भनाइ छ ।

डा सिंह भन्नुहुन्छ, "हामीले रहरले सडकमा आएका होइनौँ । सरकारीमा त्यही तहका चिकित्सक त्यही ड्युटी तर हामीलाई सेवा सुविधामा भने त्यति कम ? निर्णय कार्यान्वयन हुन्छ भनेर बोलीमा आश्वसान पटक पटक पाएका छौँ ।"

कतिपय आवासीय चिकित्सक भने आफूहरुलाई आन्दोलनमा गएकै कारण डर धम्की प्राप्त गरेको सुनाउनु भयो । "जति डर धम्की आए पनि हाम्रो खातामा पैसा नआइकन हामी काममा फर्किदैनौँ । आन्दोलन जारी रहन्छ", एक चिकित्सकले भन्नुभयो ।

चिकित्सा शिक्षा आयोगको १६ औं बैठकको निर्णयले आवासीय चिकित्सकलाई सरकारी सरह निर्वाह भत्ता दिन निर्देशन दिएको थियो तर निजी मेडिकल कलेजहरुले निर्णय कार्यान्वयन नगरेको भन्दै चिकित्सकहरु आन्दोलित भएका हुन् ।

चिकित्सा शिक्षा स्नातकोत्तर तह( पीजी) अध्ययन गर्ने आवसीय चिकित्सकलाई मासिक रु ४८ हजार निर्वाह भत्ता दिने आयोगले निर्णय गरेको थियो । आयोगको १६औं बैठकले गरेको उक्त निर्णय दुई महिना वितिसक्दा पनि निजी मेडिकल कलेजले त्यो निर्णय मान्न अटेरी गरिरहेका छन् ।

हाल देशभरका करिब दुई हजार ५०० आवासीय चिकित्सकहरु आन्दोलित छन् । उनीहरुले सेतो एप्रोनमा दैनिक माइतीघर मण्डलामा धर्ना दिइरहेका छन् । आजबाट नेपाल चिकित्सक सङ्घले पनि आवासीय चिकित्सकहरुको आन्दोलनमा सहकार्य गर्ने निर्णय गरेको छ ।

उनीहरुले सम्पूर्ण निजी मेडिकल कलेजका एमडी, एमएस, एमडीएस आवासीय चिकित्सकहरुको मासिक पारिश्रमिक ( सरकारी आठौं तह सरह) हुनुपर्ने माग गरिरहेका छन् । प्रतिबद्धताअनुसार छुट्टै नियामक अङ्गको व्यवस्थासहित कार्य समय, बिदा, पारिश्रमिक, परीक्षाको पारदर्शिता र निष्पक्षता सुनिश्चित गर्ने व्यवस्था, विश्वविद्यालय र मेडिकल कलेज प्रशासन आचरण र व्यवहार, अध्यापक जनशक्तिहरुको आचरण र व्यवहारलगायत विषय समेटी स्नातकोत्तर कार्यक्रम सञ्चालन कार्यविधि निर्माण गर्ने मस्यौदा समिति समेत बनाउनुपर्ने उहाँहरुको माग छ ।

उनीहरुले आन्दोलनलाई थप सशक्त बनाउँदै जाने समेत निर्णय गरेका छन् । आन्दोलनरत सम्पूर्ण आवासीय चिकित्सकको पारिश्रमिक उपलब्ध नहुन्जेलसम्म र स्नातकोत्तर कार्यक्रम कार्यविधि नबनुन्जेल सम्म गरिएका कुनै पनि निर्णय र कार्यदल स्वीकार्य नहुने सङ्घर्ष समितिको भनाइ छ ।

'स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल सङ्घर्ष समिति' का संयोजक शेषराज घिमिरेले नियमसङ्गत भएको निर्णय नै कार्यान्वयन गर्न आन्दोलनमा उत्रिनु परेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "आवासीय चिकित्सकले गर्ने श्रमको मूल्य दिनुस् भन्ने नै हाम्रो माग हो । कानुन विपरीतका कुरा मागेको होइन । श्रमको न्यूनतम मूल्य मागेका हौँ । नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा अनिलविक्रम कार्कीले आवासीय चिकित्सकहरुको मुद्दामा सुरुदेखि नै काम गरेको बताउनुहुन्छ ।

## राष्ट्र निर्माणको जिम्मेवारी युवाको काँधमा

काठमाडौँ । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले नेपाली जनतालाई खुसी बनाउने र राष्ट्र निर्माणको जिम्मेवारी युवाको काँधमा रहेको बताउनुभएको छ ।

एमालेले लोकतन्त्र दिवसका अवसरमा बिहीबार भृकुटीमण्डपमा आयोजना गरेको 'युथ सेलिब्रेसन' कार्यक्रममा विदेश गएका युवालाई पनि काम सिकेर देश निर्माण गर्न स्वदेश नै फर्कन आह्वान गर्दै राष्ट्र निर्माणको जिम्मेवारी युवाको काँधमा भएको बताउनुभयो । "तपाईंहरू निराशामा होइन, आशाको बाटोमा अग्रसर हुनुपर्दछ", महासचिव पोखरेलले भन्नुभयो,

देशमा राजनीतिक अस्थिरता हुँदा पनि मुलुक निर्माणले गति लिन नसकेको उल्लेख गर्दै उहाँले देशलाई अब राजनीतिक स्थायित्वको दिशामा अघि बढाउन बलिया राष्ट्रिय शक्ति एकजुट हुन आवश्यक रहेको बताउनुभयो । "युवा निराश हुन आवश्यक छैन, यो देशमा नेकपा एमाले छ", उहाँले थप्नुभयो, "युवाको भविष्य सुरक्षित गर्दछ ।" आगामी आर्थिक वर्षको बजेट र सरकारको नीति तथा कार्यक्रम युवामैत्री हुने जानकारी दिँदै उहाँले वर्तमान प्रधानमन्त्रीको युवाप्रतिको अगाध स्नेह रहेको बताउनुभयो । देश र विकासका पक्षमा उभिएका कारण एमालेमाथि आक्रमण भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "एमाले सरकारबाट हटेपछि रोकिएका विकासका काम एमाले सरकारमा आएपछि अहिले धमाधम अघि बढेका छन् ।" महासचिव पोखरेलले एमालेलाई शिक्षक र कर्मचारी विरोधी भनेर प्रचार गर्न खोजिएकोप्रति आपत्ति जनाउँदै उहाँले जनताको पक्षमा काम गर्नेमाथि भरोसा गर्न आग्रह गर्नुभयो । देशका दुई ठूला पार्टी मिलेर अहिले दशलाई अघि बढाउने प्रयत्न गरिरहेको र अहिले दुई वटा पार्टी मिलेकाले धेरै ऐनहरू अघि बढाएको हुनाले हरेकले विश्वास र भरोसा गर्न आग्रह गर्नुभयो । आजको कार्यक्रमले युवा राजनीतिबाट विमुख हुँदैछन् भन्ने भ्रमलाई चिरेको भन्दै देशभरका युवा नयाँ आशा र उत्साह लिएर गाउँ फर्कनुपर्ने भनाइ उहाँले राख्नुभयो ।

महासचिव पोखरेलले नेपाल राष्ट्र युवाको राष्ट्र भएको र श्रम गर्नसक्ने लाखौं लाख युवा नेपालमा भएको उल्लेख गर्दै भन्नुभयो, "कर्मजीवी युवामा आशा र विश्वास सञ्चार गरेर समृद्ध राष्ट्र सुखी नेपालीको आकांक्षा पूरा गर्न अघि बढ्नु पर्छ ।" उहाँले वैशाख ११ हिंसाको राजनीतिबाट देश शान्ति प्रक्रियाबाट अघि बढेको दिन, राजतन्त्रकाले जनतासामु घुँडा टेकेको दिन भएको र त्यसैले यो दिनको विशेष महत्व भएको उल्लेख गर्नुभयो ।

## निर्वाह भत्ता कार्यान्वयन नगरे निजी मेडिकल कलेजका सुविधा रोकिने

काठमाडौँ । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले निजी मेडिकल कलेजले सरकारी सरह निर्वाह भत्ता दिने व्यवस्था कार्यान्वयन नगरेमा मन्त्रालयसँग सम्बन्धित कलेजका सबै काम रोकिने बताउनुभएको छ ।

बिहीबार स्वास्थ्य मन्त्रालयमा नेपाल चिकित्सक सङ्घ र आवासीय चिकित्सकका प्रतिनिधिहरूबीच भएको वार्तामा उहाँले निर्वाह भत्ता दिनुपर्ने विषयमा चिकित्सा शिक्षा आयोगले निर्णय गरिसकेको कुरामा तर्क गरिराख्नुको औचित्य नभएको बताउनुभयो ।

मन्त्री पौडेलले भन्नुभयो, "निजी मेडिकल कलेजहरुले निर्वाह भत्ता दिने व्यवस्था कार्यान्वयन नगरेसम्म मन्त्रालय सँग सरोकोर राख्ने कुनै पनि काम अघि बढ्दैन । निर्णयबाट पछि हट्ने कुनै



सम्भावना छैन ।" उहाँले निजी मेडिकल कलेजले निर्वाह भत्ता रु ४८ हजार दिनु पर्ने निर्णय कार्यान्वयन गर्नुपर्ने र त्यसपछि कलेजहरुले माग गर्दै आएको स्नातकोत्तरको सिट र शुल्क बढाउने कुरामा वार्ता गर्न सकिने बताउनुभयो । मन्त्री पौडेलसहित नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा अनिलविक्रम कार्की, आवासीय चिकित्सकले गठन गरेको सङ्गठन 'स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल सङ्घर्ष समिति'का संयोजक शेषराज घिमिरेलगायतको टोली वार्तामा बसेको थियो ।

निजी मेडिकल कलेजमा कार्यरत आवासीय चिकित्सकहरुले सरकारी सरह निर्वाह भत्ताको माग गर्दै विगत २२ दिनदेखि आन्दोलनरत छन् । आज शुक्रबार आकस्मिक बाहेकका सेवा ठप्प पार्ने चेतावनी चिकित्सकहरुले दिएका छन् । चिकित्सा शिक्षा आयोगको १६ औं बैठकको निर्णयले आवासीय चिकित्सकलाई सरकारी सरह निर्वाह भत्ता दिन निर्देशन दिएको थियो । तर निजी मेडिकल कलेजहरुले निर्णय कार्यान्वयन नगरेपछि चिकित्सकहरु आन्दोलित भएका हुन् ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com